## मुख्य सेवाकेन्द्र फत्तेपुर

सम्पर्क नं. : ९८५८०८८९०२

## बैजापुर सेवा केन्द्र

सम्पर्क नं. ९८४६७०८२८९

## कचनापुर सेवा केन्द्र

सम्पर्क नं. ९८४८१८६५५७

## नेपालगन्ज सेवा केन्द्र

सम्पर्क : ९८४८३५३६२४

## कोहलपुर सेवाकेन्द्र

सम्पर्क : ९८६९००४४६६

## नरैनापुर सेवाकेन्द्र

सम्पर्क : ९८६५१६५६४०

## बिउबिजन उत्पादन प्रशोधन केन्द्र

सम्पर्क : ९८६८०५३२१७ (जे.टी.ए.), ९८४८३७४९२२ (ड्राइभर)

अध्यक्ष मनोज कुमार मौर्य
सम्पर्क नं. ९८५८०८०११९
मुख्य ब्यावस्थापक : जमानसिंह वली
सम्पर्क नं. ९८४८२६०५००
प्रबन्धक : भरत बहादुर खत्री
सम्पर्क नं. ९८५८०२८३२१
नायब प्रबन्धक : निम बहादुर घर्ती
सम्पर्क नं. ९८५८०८७७४१


सम्पर्क
वेव साइड www.sakarkrishi.com.np
इमेल sakarkrishi752@gmail.com
प्रधान कार्यलय राप्तीसोनारी गाँउपालिका वडा नं. ६ टेपरी बाँके
(सिधनुवा राप्तीपुलबाट ३ किलोमिटरपूर्व क्रेसरको १०० मि अगाडि बैजापुर जाने बाटो तिर)



न्यू सफल प्रिन्टर्स, नेपालगञ्ज | ९८५८०२३०३२१



पान नं. ३०५२१२५३३ दर्ता नं. ५४७/२९९/११/०६८/०६९


# साकार कृषि सहकारी संस्था लिमिटेड

राप्ती–सोनारी गाउँपालिका–६ टेपरी, बाँके

## १२औं वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन २०७९/८०

## सल्लाहकार



आसमाली पुन
सल्लाहकार

लोकमणि बटाला
सल्लाहकार

दिनेश कुमार भट्टराई
कृषि प्राविधिक सल्लाहकार

कर्ण बहादुर केसी
कानुनी सल्लाहकार

## सञ्चालक समिति



**मनोज कुमार मौर्य**
अध्यक्ष



पितराम थारू
उपाध्यक्ष

चन्द्र प्रकाश शर्मा
सदस्य

अन्जु मल्ल
सदस्य

रति वली
सदस्य



पिमा कुमारी रावत
सदस्य

प्रताप सिंह वर्मा
सदस्य

गिता अधिकारी
सदस्य

कृष्णा थारू
सदस्य

## लेखा समिति



सुनिता बुढामगर
लेखा सदस्य

सूर्य प्रकाश घर्ती
लेखा संयोजक

निर्मला राना
लेखा सदस्य

## कार्यरत कर्मचारीहरू



भरत बहादुर खत्री
प्रबन्धक

जमान सिंह वली
मुख्य व्यवस्थापक

निम बहादुर घर्ती
नायब प्रबन्धक



बल बहादुर सुनार
सेवा केन्द्र प्रमुख (मुख्य कार्यालय)

प्रेमी कुमारी थारू
सेवा केन्द्र प्रमुख

रोमन घर्ती
सेवा केन्द्र प्रमुख



विष्णु शर्मा
वरिष्ठ सहायक

हिरा कुमारी थारू
कर्जा सहायक

पार्वती थारू
कर्जा सहायक

अशोक कुमार थारू
कर्जा सहायक

सुस्मिता चन्द
फिल्ड सहजकर्ता

मनिषा बुढा
फिल्ड सहजकर्ता



रोशनी थारू
फिल्ड सहजकर्ता

केशर बहादुर कार्की
फिल्ड सहजकर्ता

यम कुमारी बुढाथोकी
फिल्ड सहजकर्ता

विर बहादुर वली
फिल्ड सहजकर्ता

सर्मिला थारू
फिल्ड सहजकर्ता



कल्पना थापा
फिल्ड सहजकर्ता

मङ्गरु थारू
फिल्ड सहजकर्ता

सुरेश थारू
फिल्ड सहजकर्ता

खुमा पुन
गोदाम निरीक्षक

अरुण प्रताप सिंह
जे.टी.ए.



एलिसा ओली थारू
कार्यालय सहयोगी

अनिसा चलाउने
कार्यालय सहयोगी

मुन्नी थारू
कार्यालय सहयोगी

सखमल थारू
सवारी चालक

दर्ता नं. ५४७/२९९/११/०६८/०६९ पान नं. ३०५२१२५३३

# साकार कृषि सहकारी संस्था लि.

राप्ती सोनारी गाउँपालिका वडा नं. ६, टेपरी बाँके

स्था. २०६८

सम्पर्क : ९८५८०८०११९ | ९८४८२६०५०० | ९८५८०२८३२१

प.सं. : २०८०/८१

च.नं. : ३०

मिति : २०७९/०७/१५

श्री सेयर सदस्यज्यू,
साकार कृषि सहकारी संस्था लि.,
राप्तीसोनारी गा.पा.-६ टेपरी बाँके ।

**विषय : १२औं वार्षिक साधारणसभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस साकार कृषि सहकारी संस्था लि. को सञ्चालक समितिको मिति २०८०/०७/१४ गतेको निर्णय अनुसार तपसिलको स्थान र समयमा १२औं साधारण सभा इकाइगत हुने भएकोले सोही समय र स्थानमा हजुरहरूको गरिमामय उपस्थितिका लागि विनम्र अनुरोध गरिन्छ ।

**१२औं साधारणसभाका प्रस्तावहरू**

प्रश्ताव नं. १. सञ्चालक समितिको अध्यक्षको प्रतिवेदन गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. २. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
प्रश्ताव नं. ३. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
प्रश्ताव नं. ४. आ.व. २०८०/०८१ को बजेट अनुमोदन गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. ५. आ.व. २०८०/०८१ को लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
प्रश्ताव नं. ६. लाभांस वितरण गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. ७. सञ्चालक तथा लेखा समितिको निणर्य अनुमोदन गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. ८. कार्यविधि संशोधन तथा अनुमोदन गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. ९. सरकारी तथा गैह्रसरकारी निकायबाट प्राप्त गर्ने अनुदान स्विकार गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. १०. अनुदानमा कृषि सामग्री खरिद तथा भौतिक संरचनाहरू निमार्ण गर्ने सम्बन्धमा ।
प्रश्ताव नं. ११. आवश्यकता अनुसारको जग्गा खरिद तथा विक्री सम्बन्धमा ।
प्रस्ताव नं. १२. साधारणसभाको एकाइगत बैठकको निर्णय पुस्तिका प्रमाणि गर्न र साधारणसभामा उपस्थित सदस्यहरूको गणपुरक संख्या एकीन गर्ने सम्बन्धमा ।

**तपसिल**

| **मिति** | **सेवा केन्द्र** | **संयोजक** | **समय** |
|---|---|---|---|
| २०८०/०८/१० | नरैनापुर सेवाकेन्द्र | कृष्णा थारु | १०:०० बजेदेखि |
| २०८०/०८/११ | फत्तेपुर सेवाकेन्द्र | गीता अधिकारी | १०:०० बजेदेखि |
| २०८०/०८/१२ | बैजापुर सेवाकेन्द्र | प्रताप सिंह बर्मा | १०:०० बजेदेखि |
| २०८०/०८/१३ | कचनापुर सेवाकेन्द्र | पितरामथारु | १०:०० बजेदेखि |
| २०८०/०८/१४ | कोहलपुर सेवाकेन्द्र | रति वली र चन्द्र प्रकास शर्मा | १०:०० बजेदेखि |

***नोट :*** **२०८०/८/१५ गते एकाइगत साधारण सभाको निर्णय पुस्तिका प्रमाणित प्रधान कार्यालय राप्तीसोनारी-६ बाँकेको प्राङ्गणमा गर्ने ।**

(अध्यक्ष)
मनोज कुमार मौर्य

# साकार कृषि सहकारी संस्था लिमिटेड

**राप्तिसोनारी गाउँपालिका-६, टेपरी बाँके**

**संस्थाको अध्यक्षको वार्षिक प्रगति प्रतिवेदन २०८०**

संस्थाको अध्यक्षको बार्षिक प्रगति प्रतिवेदन

आदरणीय प्रमुख अतिथि, अन्य अतिथिज्युहरू, संस्थाका सञ्चालक सदस्यज्यू , विभिन्न संचार माध्यमका पत्रकारज्यू, सहकारी अभियानका अभियन्ता नायकज्यूहरू, समाजसेवी बुद्धिजीवी, लगायत मेरा सञ्चालक सदस्य सहकर्मी साथीहरू ! लेखा समितिका साथीहरू, संस्थाका कर्मचारी मित्रहरू र यस संस्थाका शेयर धनीज्यूहरू सम्पुर्णमा मेरो व्यक्तिगत तथा संस्थागत सहकारीमय अभिवादन !

आदरणीय सभासद्ज्युहरू !

हामी आज बाह्रौ वाषिर्क साधारण सभामा छौँ । संस्थाले बाह्र वसन्त पार गरिसक्दा विभिन्न आरोहअबरोहहरू पार गरी आएको छ । यही अनुरुप विभिन कार्यक्रमहरू सञ्चालन गर्दै आउँदा विभिन्न उतारचढावमा हामीले केही राम्रा र केही सुधार गर्नुपर्ने कृयाकलापसँगै आज यस संस्थालाई यो स्थानमा ल्याएका छौँ । यहाँ एउटाको मात्र प्रयास र कार्यले सम्भव भएको होइन । हामी सबै सञ्चालक, लेखा, उपसमिति, कर्मचारी र शेयर सदस्य लगायत संस्थाका ज्ञात अज्ञात शुभचिन्तकहरूको अहोरात्र खटाई र मायाले आज हाम्रो संस्था जिल्लाको एक नमुना संस्था बनेको छ । जिल्लाभरी कार्यक्षेत्र बनाई सहकारीमय भावना फैलाउन प्रयास गरिएको छ । हामीलाई विस्वास छ यो सहकारीको न्यानो माया हामी सबैलाई दिने छौँ र सहकारी के हो भनेर हामी बास्तवमा देखाउने छौँ । सबैमा राम्रो र नराम्रो दुई पक्ष हुन्छ । यसैले हामीसँग पनि राम्रो र नराम्रो दुवै पक्ष हुनसक्छ । राम्रो के भयो, नराम्रो के हुँदैछ, के गर्दा राम्रो हुन्छ, के गर्दा नराम्रो हुन्छ यी सबै कुरा एउटा व्यक्तिले, एउटा टिमले मात्र नियाल्न नसक्ला । गरेको कार्य सबै सही नहुन पनि सक्ला । यसकारण हामीले गरेका, गर्न लागेका सबै कुरामा आज छलफल गरौँ । कति राम्रो गर्‍यौँ, कति राम्रो गरेनौँ, केमा चुक्यौँ, के गरे अझै राम्रो हुन्छ मन्थन गरौँ र अझै राम्रो कसरी गर्न सकिन्छ आज घोतलिएर सभ्य सदस्य केन्द्रित भएको सहकारी संस्था स्थापना गरौँ ।

**आदरणीय सेयर सदस्यज्युहरू,**

म यस वर्ष गरेका कृयाकलापको बारेमा संक्षिप्त गतिविधिहरू बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**१. संस्थागत सुशासान आन्तरीक नियन्त्रण**

संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, लुम्बिनी प्रदेश सहकारी ऐन २०७५, नियामवली २०७६, संस्थाको बिनियम २०६८, पुनरलिखित बिनियम २०७८ र संस्थाले विभिन्न समयमा जारी गरेको कार्यविधि र नीतिहरूको आडमा रही पञ्च बर्षीय रणनीतिक योजना बनाई सबै कृयाकलापहरू गरी आएको व्यहोरा जनाकारी गराउँदै छौँ । संस्थामा सम्पत्ति शुद्धीकरण कार्यविधि कर्जा नीति पुनर्लेखन तथा अन्य केही कार्यविधिहरू संशोधन गर्नु पर्ने भएकोले सोको प्रस्ताव लगिएको छ । संस्थाका कृयाकलापलाई पारदर्शी र चुस्त बनाउन विभिन्न उपसमिति र कार्यविधि निर्माण गरिएको छ । यसैगरी संस्थामा कारोवार गर्ने बचत कर्ता कर्जाग्राही र बिउ उत्पादक लगायत सबै क्षेत्रमा योगदान गर्नेलाई उचित मुल्याङ्कन गरी पुरुष्कृत गरिएको छ ।

## २. संस्थालाई अनुदान तथा सहयोग

संस्थाले विभिन्न सरकारी तथा गैह्रसरकारी संघसंस्थासँग समन्वय गरी कार्यक्रम गरिरहेको छ ।

१. राप्तसिोनारी गा.पा. माफर्त लुम्बिनी प्रदेशको आ.व. २०७९/८० को बजेट अनुरुप रु. १० लाख बरावरको संस्थाको प्रधान कार्यालयको माथिल्लो तला थप गरियो ।

२. डेलिभरी पाइप ३० किलो, ३ थान इलेक्ट्रोनिक स्प्रे टंकी, ५ आटा त्रिपाल, १ थान ड्रमसिडर यु.एस.आइडीको सिमिट परियोजना अनुसार संस्थाका सेयर सदस्यलाई वितरण गरियो ।

३. २९ ओटा त्रिपाल, ५०० किलो कृषि चुन कृषि ज्ञानकेन्द्रको सहयोगमा ल्याई किसानलाई दिइयो ।

## ३. उत्पादन तथा बिउबिजन प्रसोधन र बजारीकरण

१. १२८० क्विन्टल धानको बिउ बेचियो

२. गहुँको बिउ ५६० क्विन्टल बेचियो ।

३. ३०० किलो धैंचाका बिउ बेचियो ।

४. २२ क्विन्टल मसुरोको बिउ बेचियो ।

५. ९०० क्विन्टल मकैको खाद्यान्न संकलन गरी कोहलपुर सरस्वती खाद्य टेड्रमा बेचियो ।

६. २०० क्विन्टल गहुँ खाद्यान्न संकलन गरी बिक्री गरियो ।

७. ११७७ क्विन्टल धानको बिउ संकलन गरी गोदाममा स्टक राखियो ।

## ४. सामाजिक उत्तरदायित्वमा गरीएका कृयाकलाप

१. यस वर्ष हाम्रा सदस्यहरू मध्ये ४ जनाको मृत्यु भएकोमा ४० हजार जोखिम कोष वितरण गरियो ।

२. सेयर सदस्यका अभिभावकहरूको मृत्यु भएका नौ जनालाई रु. २५००।- को दरले रु. २२५००।- क्रियाखर्च वापत दिइयो । यस्तै १८ जनालाई रु. १५००।- का दरले रु. २७०००।- सुत्केरी स्याहार खर्च दिइयो ।

३. कर्जाग्राहीमध्ये २ जनाको मृत्यु भएकोले निजको बिमा दाबी फर्म भरी कर्जा मिनाह गरियो ।

४. मोबाइल बैड्किङ सञ्चालन भएपछि १२१६ जना सदस्यले मोबाइल बैड्कबाट कारोवार गरिरहेका छन् ।

५. जिल्ला सहकारी सङ्घको आयोजनामा ३५ पिन्ट रक्तदान गरियो ।

## ५.तालिम तथा भ्रमण तथा प्रत्साहन

- सहकारी बित्त साक्षरता प्रशिक्षण तालिम १२ वटा तालिमलाई प्रशिक्षण आरएमडिसिको ५०% अनुदान सहयोगमा ९० जनालाई दिइयो ।
- अन्तराष्ट्रिय सहकारी अवलोकन कार्यक्रम अन्तर्गत ५ दिने कार्यक्रममा लेखा संयोजक दिल्ली गुड गाँउ भारतमा सहभागीका लागी राष्ट्रिय सहकारी बैकको आह्वानमा ग्रमीण सहकारी प्रशिक्षण सम्बन्धी कार्यक्रममा सहभागी ।

- सञ्चालक तथा लेखालाई सहकारी ऐन तथा अन्य समसामयिक विषयमा जानकारीका लागी एक दिने अभिमुखीकरण कार्यक्रम गरियो ।
- अर्धवार्षिक तथा वार्षिक समीक्षा कार्यक्रम ।
- सदस्यलाई भर्मिक कम्पोष्ठ मल निमार्णको तालिम ३० जनालाई कृषि ज्ञान केन्द्रको सहकार्यमा तालिम दिइयो ।
- राप्तीसोनारी २ को ९७ किसानको माटो परीक्षण गरियो ।

## ६. सुचना तथा शुसानका लागि गरिएका प्रयास

- विभिन्न संचार माध्यमबाट सूचना तथा संस्थाको क्रियाकलाप जारी गराइयो ।
- वेबसाइड सञ्चालन गरी संस्थाका कृयाकलापलाई अध्यावधिक गर्ने कार्य गरियो ।
- एस.एम.एस. सूचना प्रणालि सुचारु गरियो ।
- गोष्ठी, सेमीनार, होडिङ बोर्ड तथा पत्रकारहरूसँग अन्तर्वार्ता गरियो ।
- त्रैमासिक र अर्धवार्षिक र बार्षिक समीक्षा गरी संस्थाको अवस्था बारे जानकारी लिई संस्थालाई नयाँ योजना बनाई कार्य गरियो ।
- आन्तरिक लेखा परीक्षण गरी संस्थाको आर्थिक विवरण जाँच गरियो ।
- दिगो विकास र लक्ष्य प्राप्तिका लागि हरसम्भव प्रयास गरियो ।

## ७. भौतिक संरचना तथा र्ममत निमार्ण

१. प्रधान कार्यालयको तल्लो तलाको भित्री संरचना निमार्ण पाटेसन तथा अन्य डेकोरेसका कार्यहरू गरियो ।

२. प्रधान कार्यलयको माथिल्लो तला निमार्णका लागि लुम्बिनी प्रदेशको बिनियोजित बजेटमा निमार्ण गरियो ।

## ८. संस्थागत आर्थिक संरचना

यस संस्थामा निम्न बमोजिम संस्थागत संरचना र मानव संसाधनको व्यवस्था गरिएको छ ।

**२०८० असार मसान्तसम्म संस्थामा रहेको संक्षिप्त स्थिति विवरण**

| **बिवरण** | **रकम** |
|---|---|
| स्थिर सम्पत्ति | १५१००५७२/- |
| शेयर पूँजि | ३५९२४५०० /- |
| बिउ खरिद | ८३२९०२७/- |
| बिउ बिकी | ४६२८९४९/- |
| बाह्य कर्जा | १२००५७१४२/- |
| लगानीमा रहेको कर्जा | २३४४५४९८३/- |
| पाउनुपर्ने | ३९६१७३१/- |
| बचत (निक्षेप) | ११६३८७४९७/- |

कुल सञ्चालन आम्दानी ............................................. २२८८१७८५/-

सञ्चालन तथा अन्य खर्च ............................................. १९१५४०४८/-

नाफा ..................................................................... ३७२७७३७/-

## ९. मानब संसाधनको ब्यावस्था

- जम्मा सदस्य संख्या :७४८६ जना
- महिला : ३८७९
- पुरुष : ३६००
- कर्मचारी : २५ जना
- संस्थागत : ७ ओटा
- ऋणी : १३०१
- सेवाकेन्द्र : ५

## १०. सहयोग सहकार्य गर्दै आएका सरकारी तथा गैरसरकारी निकाय

### बाह्य कर्जाका साझेदार बित्तीय संस्थाहरू

- राष्ट्रिय सहकारी बैङ्क
- साना किसान बिकास लघुबित्त बित्तीय संस्था लि.
- स्वरोजगार कोष सचिवालय
- आरएसडिसी लघुबित्त बित्तीय संस्था लि.
- फर्स्ट माइक्रो फाइनान्स लघुबित्त बित्तीय संस्था लि.
- मुक्तिनाथ बिकास बैङ्क लि.

### कार्यक्रम साझेदार संस्थाहरू

- राप्तीसोनारी गाँउपालिका
- ज्ञान केन्द्र बाँके
- USID सिमिट परीयोजना कार्यक्रम

## ११. भावी कार्ययोजना

१. संस्थाले विभिन्न जातको बिउ उत्पादन गरी बजारको मागको आधारमा उत्पादन गरी बजारमा पठाउने ।

२. रासायनिक मलको नरैनापुरमा बितरणको लागि स्वीकृत लिने र सञ्चालन गर्ने ।

३. संस्थामा थप १५०० सदस्य थप गर्ने ।

४. चामल, नुन, तेल लगायतका खाद्यान्नहरूको ब्यापार गर्ने ।

५. बाँके जिल्लालाई बिउबिजनमा आत्मनिभर बनाउने ।

६. बिउबिजनमा उच्च गुणस्तर कायम गरी यसको परिमाणमा बृद्धि गरी प्याकेजिङमा पनि गुणस्तरीयता कायम गर्दै आकर्षक बनाउने ।

७. सहकारी बिययक कार्यक्रम सेमिनार गोष्ठी गर्ने ।

८. कर्जा असुलीका लागि यस वर्ष असुली वर्ष बनाउने विभिन्न कानुनी प्रकृया तथा असुलीका सबै अस्त्रहरू प्रयोग गर्ने ।

## १२. अवसर तथा चुनौती

कुनै पनि कार्य सम्पादन गर्दा अवसर र चुनौती दुवै स्थिती रहने भएकोले यस क्षेत्रमा निम्न अनुसार अवसर र चुनौती रहेको कुरा अवगत गराउन चाहन्छु ।

**अवसर**

- कृषि सहकारी भएकोले बास्तवमा कृषकसँग कार्य गर्न सहज भएको ।
- सदस्यहरूको संस्थाप्रतिको आकर्षणले सदस्यमा बृद्धि ।
- सदस्यले आफनो संस्था ठान्ने हुँदा संस्थामा नाफा बितरण समान हुने ।
- संस्था एक व्यक्ति तथा समूहको नभई सम्पूर्ण सदस्यको भएकोले यसको महत्त्व रहेको ।
- कृषि सहकारी भएकोले सरकारबाट सहयोग र कार्यक्रम प्राप्त गर्न सजिलो ।
- संस्थाप्रति सबैको आफ्नो पनको धारणा भए संस्था सबल र सक्षम हुन समय नलागन्ने ।

**चुनैति**

- सहकारी संस्था भएकाले मानिसको बुझाइमा कमजोरी ।
- संघसस्था, सरकारी निकायले सहकारी नै त हो भनी वास्ता नगर्ने ।
- सहकारीमा पनि व्यक्तिगत समूह र कम्पनि जस्तै हो भनी कार्यक्रम दिन कन्जुसाइँ गर्ने ।
- सहकारी संस्थालाई सदस्यले बित्तीय संस्था र सहकारी संस्था एयटै हुन् भन्ने बुझाई राख्नु ।
- सहकारीकर्मी इमान्दार र पारदर्शी नहुनु ।
- सक्रिय रुपमा समीक्षा छलफल तथा सहकारी शिक्षा कार्यक्रमहरू नहुनु ।
- सदस्यमा वचत भन्दा कर्जामा आकर्षण हुनु ।
- सदस्यले आफ्नो संस्था नठानी ग्राहकको जस्तो व्यावहार गर्नु ।

- समपूर्ण सदस्य साधारणसभामा नआउनु आएका पनि सक्रिय रुपमा सहभागी नहुनु ।
- आर्थिक मन्दी तथा तरलता अभावका कारण कर्जा लगानी तथा असुलीमा समस्या ।
- विभिन्न अराजक समूहद्वारा सहकारी संस्थामाहरूमा प्रहार तथा सहकारी संस्थाहरूको विस्वसनीयतामा कमी आउनु ।

**आदरणीय सदस्यज्यूहरू,**

साकार कृषि सहकारी संस्था लि. जिल्लाको उत्कृष्ठ संस्थामध्ये एक संस्था रहेको जानकारी गराउँदछु । समयसापेक्ष हामी हिँड्न सक्छौँ र हिँड्ने प्रयास गर्छौँ । हामी चाहन्छौँ कि सदस्यहरूको दरिलो साथ, हामी चाहन्छौँ अभियानको दरिलो हात, हामी चाहन्छौँ सरकारीस्तरबाट प्रोत्साहन र सहयोग, हामी चाहन्छौँ, शुभ चिन्तकहरूको सल्लाह र सहयोग । हामी उत्पादनमा अगाडि छौँ । हामीलाई बजार चाहिएको छ । हाम्रा सदस्यले उत्पादन गर्छन्, उनीहरूलाई प्रविधि चाहिएको छ, अनुदान चाहिएको छ, उत्पादित वस्तुको ब्यावस्थापन चाहिएको छ । उत्कृष्ठ सिपको आवश्यकता छ । अनि सस्तो ब्याज दरको कर्जा चाहिएको छ । सरकारले कृषि कर्जामा ब्याज अनुदान दिनु पर्छ । त्यो ब्याज अनुदान सहकारी मार्फत बितरण हुनु पर्छ । यस अवस्थाबाट मात्र किसान र कृषिको योजना सफल पार्न सकिन्छ । साथै संस्थाको बाह्रौ साधारणसभा सफल बनाउन आउनु भएका सबै माहानुभावहरूलाई स्वागत तथा धन्यवाद दिँदै सधैँ सहयोग र सल्लाह सुझावको आसा राख्दै हजुरहरू सबैको म ऋणी रहेको हुँदा मेरो बिबेक र हजुरहरूले दिएको जिम्मेवारीप्रति म सधैँ प्रतिबद्ध रहेने र गराउने बाचा गर्दै अहिलेलाई मेरो प्रतिवेदन यही समापन गर्न चाहन्छु । धन्यवाद ।

जय सहकारी !

# साकार कृषि सहकारी संस्था लिमिटेड

## राप्तिसोनारी गाउँपालिका-६, टेपरी बाँके

## संस्थाको लेखा संयोजकको प्रतिवेदन २०८०

आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संस्थाका सञ्चालक सदस्यज्यू, विभिन्न संचार माध्यमका पत्रकारज्यू, सहकारी अभियानका अभियन्ताज्यूहरू, समाजसेवी बुद्धिजीवी लगायत संस्थाका सञ्चालक सदस्य सहकर्मी साथीहरू, लेखा समितिका साथीहरू, संस्थाका कर्मचारी मित्रहरू र यस संस्थाका शेयरधनीज्यूहरू सम्पूर्णमा  मेरो व्यक्तिगत तथा संस्थागत सहकारीमय अभिवादन !

*आरणीय सदस्यज्यूहरू,*

आज हामी बाह्रौं साधारण सभामा यहाँ उपस्थिति छौं र संस्थाले विभिन्न उतार चढावका साथ आज १२ औं वसन्तलाई पछयाइरहेका छौ । यस अवस्थामा केही राम्रा र केही सच्चाउनु पर्ने काम पनि भएका छन् र संस्था द्रुत गतिमा छ यसमा दुई मत कसैको छैन । संस्थाले जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैङ्क, सहकारी प्रशिक्षण डिभिजन कार्यालय बाँके, राप्तीसोनारी गाँउपालिकाबाट उत्कृष्ट पुरष्कार पनि पाएको छ । यसरी भन्दा संस्थाले साँच्चै राम्रा काम पनि गरेको छ र अध्यक्षको प्रतिवेदन अनुसार कार्य पनि साँच्चै भएका छन् । यसरी भनी म सञ्चालक समितिलाई फुर्काउन भने चाहेको होइन । समय सर्न्दभ संस्थाको सञ्चालक समितिले सदस्यको आवश्यकता अनुरुप साधारणसभाको निर्देशन अनुसार कार्य गर्ने कर्तव्य हो । यसरी भन्दा हामीले गरेका कार्यहरू के कस्ता भएका छन्, कसरी सञ्चालन भएका छन् र यी विषयमा आज बृहत् छलफल हुन आवश्यक छ । हामी लेखा समिति संस्थाको आँखा हौं र जो देखेका छौं त्यो कुरा हामी लेखा समितिका सदस्यले के काम कसरी गऱ्यौं भन्ने विषयमा यहाँ स्पष्ट पार्न चाहान्छौं । हामी संस्थामा तीन/तीन महिनामा प्रत्येक सेवाकेन्द्रको अनुगमन गरी, बैठक बसी, संस्थाको वित्तीय आँकडा तयार पारी संस्थाका सुधार गर्नु पर्ने क्रियाकलापहरू सुझावका रुपमा माइन्युटमा दिएका छौं, जस अनुसार संस्थामा बैठक बसी अनुगमन गर्दा निम्न कुरा पाइयो ।

**आदरणीय शेयर  सदस्यज्यूहरू,**

यस वर्षको क्रियाकलापमा म यहाँहरूको नजर दौडाउन चाहन्छु र यस वर्ष सञ्चालक समिति, उपसमिति र कर्मचारी बैठक निम्न अनुसार बसी निर्णय गरेको पाइयो ।

**विभिन्न समिति र उपसमितिको बैठक बसेको संख्या**

- सञ्चालक समिति २१ पटक
- लेखा समिति ४ पटक
- कर्जा उपसमिति  १४ पटक
- शिक्षा उपसमिति १ पटक
- महिला समन्वय समिति ० पटक
- सेवाकेन्द्र समन्वयको बैठक संख्या  २ पटक
- कर्मचारी बैठक संख्या १० पटक
- पदपूर्ति उपसमिति ० पटक

**बचत निक्षेप सम्बन्धमा**

यस वर्ष २०८० आषाढ मसान्तसम्म कुल बचत ३९ करोड २१ लाख ६ हजार ४५५ मात्र बचत उठेको पाइयो र सोमा ४० करोड ४ लाख २१ हजार ५ सय ६४ फिर्ता भएको र ११ करोड ६३ लाख ८७ हजार ४ सय ९७ मात्र रुपैयाँ बचत बाँकी रहेको पाइयो । यसरी शेयर सदस्य हरूले बचत गरेता पनि नियमित बचतमा रकम बचत कम भएको र आकास्मिक बचतमा मात्र अलि धेरै बचत भएको र सो तुरुन्त फिर्ता गर्ने कार्यले कार्यालयमा बचत न अडिई मात्र अंकमा देखिने भएकोले अनिर्वाय बचतमा सबै सदस्यले जोड दिने गर्नुपर्ने छ । अघिल्लो वर्षभन्दा बचत बढ्नु पर्नेमा घटेको अवस्था देखिएकोले यो के कसरी भयो सञ्चालक, कर्मचारी र सेयर सदस्यज्यूहरूले बुझ्न बुझाउन आवश्यक रहेको छ ।

**कर्जा लगानी सम्बन्धमा**

यस वर्ष कुल लगानी १७ करोड ७० लाख ५ हजार ६ सय ७९ मात्र लगानी गरेको पाइयो भने १७ करोड १३ लाख १८ हजार १ सय ४४ कर्जा असुली गरेको पाइयो । यस वर्ष कर्जामा रहेको बाँकी रकम २३ करोड ४४ लाख ५४ हजार ९ सय ८३ मात्र रहेको पाइयो । यसरी यस वर्ष बाह्य ऋण ल्याएको ४ करोड ल्याइएकोमा २ करोड RSDC वित्त वित्तीय संस्था लि.बाट र २ करोड मुक्तिनाथ बिकास बैङ्कबाट ल्याइएको पाइयो । यसरी अब संस्थाले बाह्य ऋण तिर्न बाँकी १२ करोड ५७ हजार १ सय ४२ मात्र रहेको छ । यसरी कर्जाले भाखा नाघेको आंशिक तथा पुरै गरी २ करोड ३५ लाख ६४ हजार ५४ रुपैयाँ मात्र देखिन्छ । यो कुल कर्जाको ७% देखिएको छ र यसप्रति सञ्चालक तथा कर्मचारी अलि चनाखो भई काम गर्नुपर्ने देखिएको छ । कर्जा असुलीमा ऋणी सदस्यको भूमिका धेरै हुनु पर्नेमा सदस्यलाई घरमै खोज्न जानु पर्ने ताकेता गर्दा पनि नटेर्ने प्रवृत्ति रहेको हुँदा यो संस्था हामी सबैको हो, हामीले सञ्चालन राम्रो गरी गऱ्यौं भने राम्रो हुन्छ, गरेनौं भने हुँदैन । यसकारण हामी सबै यस संस्थाका सदस्य एकदमै सचेत भई संस्थाको सहकारी ऐन २०७४, संस्थाको विनियम २०७८ र विभिन्न समयमा जारी गरिएका कार्यविधिहरूलाई पूर्ण रुपमा पालना गर्नुपर्ने आवश्यकता देखिएको छ । देशको आर्थिक मन्दीका कारणले देखिएता पनि कर्जा असुली संस्थाको मेरुदण्ड भएकोले सदस्य, सञ्चालक र कर्मचारी संवेदनशील भई सबैले यसप्रति ध्यान दिई असुलीमा तदारुकता देखाउन आवश्यक रहेको देखिन्छ ।

**बिउबिजन उत्पादन तथा वितरण**

बिउबिजन कार्यक्रम अन्तर्गत यस वर्ष संस्थाले अलि धेरै कारोकार गरेको छ । करिब ७० हेक्टरमा धानको बिउ उत्पादन गरिएको छ , ४० हेक्टर क्षेत्रफलमा गहुँको बिउ उत्पादन कार्यक्रम गरिएको छ भने ४ सय क्विन्टल धानको बिउ नासिक बिउ बिजन कम्पनि र विभिन्न एग्रोभेटहरूलाई ३ सय क्विन्टल निकाय विक्री बितरण गरिएको छ । नरैनापुर गाँउपालिकाको सीमानामा ३ सय क्विन्टल धानको बिउ भारततिर बेचेको पाइयो । यसै सिलसिलामा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा समेत बिक्री गरेको पाइयो ।

**अनुगमन तथा निरीक्षण**

सञ्चालाक समितिले सेवाकेन्द्र लगायत अन्य कारोवारको खासै अनुगमन गरेको पाइएन । सबै कर्मचारीको भरमा कार्यालय सञ्चालन भएको जस्तो देखियो । सञ्चालकले योजना बनाएको तर प्रयोग नगरेको पाइयो । सञ्चालक सिमतिलाई संस्था सञ्चालन सम्बन्धी खासै ज्ञान नभएको तर सिक्दै गरेको जस्ता पाइयो । सञ्चालक समितिका सदस्यले अलिक संस्थाप्रति जिम्मेवारी लिने र सञ्चालन प्रकृयामा सहभागीता गर्नुपर्ने देखिन्छ । कर्मचारीले मात्र कर्जा असुली र लगानीमा संलगन भएको पाइयो । सञ्चालक समिति, कर्जा उपसमितिले कर्जा स्वीकृत मात्र गरेको तर अनुगमन, नियन्त्रण र लगानी पश्चात अनुगमन गरेको देखिएन । साथै संस्थाका कर्जा उपसमिति र सञ्चालक समिति निस्क्रिय रहेको देखियो ।

**कर्जा लगानी प्रकृया**

कर्जा लगानीका लागि सदस्यले फाराम भरेको मितिले १० दिनभित्र कर्जा उपल्पध गराइएको पाइयो । कर्जा स्वीकृत ऋण उपसमितिले स्वीकृत गरेर दिएपछि मात्र कर्जा लगानी गरेको पाइयो । ५० हजारसम्मको कर्जालाई आकस्मिक अवस्थामा व्यवस्थापक र निजले तोकेको व्यक्तिको स्वीकृतिमा लगानी गरेको पाइयो । कर्जा लगानी प्रकृयामा पुऱ्याउनुपर्ने सबै कागजात अपुग भएको पाइयो ।

कर्जालाइ धितो र बिना धितो गरी दुई ओटा तरिकाले लगानी गरेको पाइयो । अधिकतम ३ लाखसम्मको लागानी सस्थाले बिना धितो र सो भन्दा बढीको लगानीलाई धितो राखी लगानी गरेको पाइयो । रु. ५ लाख भन्दा माथि सञ्चालक समितिको बैठकबाट मात्र स्वीकृत गरेको पाइयो । १० लाख भन्दा माथिको धितो इन्जिनियरबाट मुल्याङ्कन गरी लगानी गरेको पाइयो ।

**सेवाकेन्द्र सञ्चालन**

- संस्थाले कचनापुर र बैजापुर, नेपालगन्ज र कोहलपुर गरी चार स्थानमा सेवाकेन्द्र सञ्चालन गरेको पाइयो, सेवाकेन्द्रमा कार्य सामान्यतया हिसावकिताव चुस्त दुरुस्त भए पनि कर्जा असुलीमा अलिक बढी भाखा नाघेको र असुलीमा दर घटेको छ ।

**अनुगमन गर्ने निकायले अनुगमन गरेको**

- आरएमडिसी लघुबित्त वित्तीय संस्था र आर.एस.डि.सि लघुबित्त वित्तीय संस्था लि. र मुक्तिनाथ बिकास बैङ्क लि. ले अनुगमन गरेको पाइयो । त्यसको सुझावलाई अनुसरण गरी संस्था सञ्चालन गरेको पाइयो ।

**सञ्चालक तथा उपसमितिका पदाधिकारीले लिएको पारिश्रमित तथा खाजा भत्ता**

अध्यक्षको भत्ता मासिक १० हजारका दरले प्रदान गरेको पाइयो । १० लिटर पेट्रोल मासिक रुपमा लिएको पाइयो, सदस्यहरूको खाजा भत्ता ५००।-, बैठक बसेको दिनको भत्ता रु. २०००।- प्रदान गररेको पाइयो । सदस्यले थप संस्थाको फिल्डमा कार्य गरे बापत प्रतिदिनको रु. ५००।- यातायात खर्च र रु. १००।- खाजा खर्च लिने गरेको पाइयो । मुख्य व्यवस्थापकले मासिक ३५ हजार पारिश्रमिक, ३० लिटर पेट्रोल र १ हजार मासिक भत्ताका साथै १५ सय खाना खर्च लिएको पाइयो । संस्थाका मुख्य व्यवस्थापक र अन्य प्रमुख कर्मचारीहरू कार्यालयमा बस्ने र करिब २४सै कार्यामा खटेको पाइयो ।

**गत साधारण सभाको निर्यण कार्यवन्यन**

मिति २०७९ मंसिर १९ गतेको साधारणसभाले गरेका निर्णयहरू तपसिल अनुसार कार्यान्वयन भएको व्यहोरा जानकारी गराउँदछु ।

**साधारणसभाबाट निणर्य भएका कार्य सम्पादन गर्ने विषयहरू**

- समयमै अडिट गरेको र सोही अनुसार रकम भुक्तानी गरेको पाइयो ।
- लाभांस वितरण निणर्य अनुसार गरेको पाइयो ।
- संरक्षित पूँजि कोष वितरण गरेको पाइयो ।
- संघसंस्थाबाट अनुदान कार्यक्रम सञ्चालनका लागि USAID को सिमिट परयोजनाबाट मकै खेति प्रविधिमा सहयोगमा एकजना जेटिए राखी किसान सदस्यलाई सहयोग गरेको पाइयो ।
- सरकारी तथा गैरसरकारी निकायमा प्रस्ताव पेस गरी कार्यक्रम सञ्चालन गर्ने विषयमा राप्तीसोनारी गाँउपालिका बाट १० लाख रुपैयाँ बराबरको रकम ल्याई संस्थाको माथिल्लो तला निमार्ण गरेको पाइयो ।

- अन्य गोष्ठी, तालिम तथा कार्यक्रमहरू सञ्चालन गरेको पाइयो । आर.एम.डिसी. लघुवित्त वित्तीय संस्थाको ५०% अनुदान सहयोगबाट संस्थाका सदस्यलाई वित्तीय साक्षरताको लागि रु. ८० हजार बराबरको गरेको पाइयो ।

यसरी संस्थामा भएका गरेका क्रियाकलापहरू सबै प्रस्ट्याउन प्रयास गरेका छौँ । हाम्रो संस्थाले गरेका विभिन्न कार्यहरू सह्रानीय छन्, यस अर्थमा संस्थामा हामी सबै सदस्य त्यत्तिकै जिम्मेवारी छौँ र हौ । यसैले सबै सदस्यले नियमित बचतका साथै कर्जा लिएका सदस्यले सबै नियमित तिरौँ भन्दै हामीले संस्थाको विषयमा हरसम्भव जाने बुझेसम्म गरी आएका छौँ । हामीले गरेका कार्यमा पनि त्रुटी हुन सक्छ सोको साधारणसभाले सुझाव दिने आसाका साथ विदा हुन्छौँ ।

जय सहकारी !

Regd No: 6081, ICAN Mem: 5530, COP: 1855 'B' PAN No.: 104904538

# टी.पी. पौडेल एण्ड एसोसिएट्स
# T.P. Poudel & Associates
Khajura-3, Banke

Ref No:

मिति २०८०/०५/१३

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

श्री शेयर सदस्य महानुभावहरु
**साकार कृषि सहकारी संस्था लिमिटेड**
राप्तीसोनारी ०६,टेपरी बाँके ।

हामीले यसै साथ संलग्न **साकार कृषि सहकारी संस्था लिमिटेड**को ३१ असार २०८० को वासलात र सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**व्यवस्थापनका उत्तरदायित्वहरु**

प्रचलित कानून तथा नेपाल लेखामान वमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु **साकार कृषि सहकारी संस्था लिमिटेड**को व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीरहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्तलेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

**लेखापरिक्षकको उत्तरदायित्वहरु**

प्रस्तुत वित्तीय विवरणहरू माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो ।

**रायका आधारहरु**

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्केपरीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

Regd. Auditor 'B'
T.P. Poudel & Associate
Banke

**हाम्रो राय**

१. यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको संलग्न **अनुसूची १**मा उल्लेखित बुदाँहरूले पार्ने असरहरू बाहेक हामीले पाएसम्मको सूचना,दिईएको स्पष्टीकरण र संलग्न लेखा नीति तथा टिप्पणीहरूलाई साथै अध्ययन गर्दा हाम्रो रायमा २०८० असार ३१ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा साथै उक्त अवधीको नगद प्रवाह विवरणले उचित तथा यथार्थ विवरण चित्रणगर्दछ ।

## प्रतिवेदनको बुँदा न. १सँग सम्बन्धित अनुसुची १

**सहकारी ऐन, नियम, मापदण्ड, संस्थाको विनियम र विभागियपरिपत्रहरुका साथै व्यवस्थापन पत्र समेतको आधारमा हाम्रा रायहरु निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ :**

१.सदस्यलाई सन्दर्भ ब्याजदर १६ प्रतिशत भन्दा बढी ब्याज दरमा कर्जा लगानी गरिएको छैन जसमा असार मसान्तमा कुल १,५४,०५,७१८। कर्जा असुली हुन बाँकी रहेको छ ।

२. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४मा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गर्नुपर्ने देखिन्छ साथै संस्थालेसदस्यहरुको कारोवार जोखिम समेत वर्गिकरण गर्नुपर्नेदेखिन्छ ।

३. आषाढ मसान्तमा प्राथमिक शेयर पुजींको आधारमा ३.०८ गुणा निक्षेप संकलन भएको देखिन्छ,जुन प्राथमिकपूँजी कोषको १५ गुणाको सीमा भित्र रहेको छ । यस बर्षको अन्त्यमा कुल बचतको २०१.४४% ऋण लगानीभएको देखिन्छ ।

४ दर्ता हुँदाका बखत कृषि कारोबार गर्ने गरि यो संस्था दर्ता भए पनि प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा २(ज) बमोजिम यस संस्थाको मुख्य कारोबार बचत संकलन तथा ऋण परिचालन (वित्तीय कारोबार) रहेको छ । सोही ऐनको दफा ४६ अनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरि दर्ता नभएको संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने व्यवस्था रहेको छ । सोही दफा बमोजिम यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए त्यस संस्थाले ऐन प्रारम्भ भएको तीन वर्ष भित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरि दर्ता हुँदाका बखतको कारोबारलाई मुख्य कारोबार बनाउनु पर्नेमा त्यसतो नगरेको पाइयो ।

५. आयकर ऐन, २०५८ को स्रोतमा करकट्टी गर्ने व्यवस्था बमोजिम तलब, भत्ता र ब्याज बाहेक अधिकांश भुक्तानीमा स्रोतमा कर कट्टी नगरेको पाइयो ।

७. दोहोरो सदस्यताका सम्बन्धमा यकीन गर्न सकिएन ।

८ .संस्थाले कर्मचारी सञ्जयकोषको व्यवस्था गरेको छैन र उपदानको रकम कर्मचारीले संस्था छोडेका बखत संस्थाले हिसाब गरी भुक्तानी दिनको लागि अन्य दायित्वमा लेखाकंनगरिएको छ।



# साकार कृषि सहकारी संस्था लिमिटेड
राप्तिसोनारी गाउँपालिका-६, फत्तेपुर बाँके
आ.व. २०७९/०८०

## वासलात

| पूंजी तथा दायित्व | अनुसूची | रकम रु. | रकम रु. |
|---|---|---|---|
| | | आषाढ ३१, २०८० | आषाढ ३२, २०७९ |
| १. शेयर पुंजी | १ | ३५,९२४,५०० | ३१,२३८,००० |
| २. तिर्नू बांकी कर्जा | २ | १२०,०५७,१४२ | ११४,७७८,२२३ |
| ३. कोष हिसाव | ३ | २१,३४३,८८४ | १९,३४३,०६० |
| ४. बचत निक्षेप दायित्व | ४ | ११६,३८७,४९७ | १२४,७०४,६१९ |
| ५. अन्य दायित्व | ५ | १२,४२०,७७४ | ७,९९१,४६१ |
| ६. अनुदान | | ३,०६८,९४१ | ३,२५९,५४३ |
| **कुल दायित्व** | | **३०९,२०२,७३८** | **३०१,३१४,९०६** |

| सम्पत्ति | अनुसूची | रकम रु. | रकम रु. |
|---|---|---|---|
| | | आषाढ ३१, २०८० | आषाढ ३२, २०७९ |
| ६. नगद मौज्दात | | ४,१४६,८३० | २,४१५,७४२ |
| ७. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ६ | ४७,६२५,०१४ | ४९,५४२,०३९ |
| ८. लगानी | ७ | १,१८६,५०० | १,१८२,५०० |
| ९. कर्जा बाकी | ८ | २३४,४५४,९८३ | २२८,७६७,४४८ |
| १०.स्थिर सम्पत्ति | ९ | १५,१००,५७२ | १४,४३७,८०८ |
| ११.अन्तिम मौज्दात | १० | २,७२७,१०८ | १,९९९,८११ |
| १२.पाउनुपर्ने हिसाव | ११ | ३,९६१,७३१ | २,९६९,५५८ |
| **कुल सम्पत्ति** | | **३०९,२०२,७३८** | **३०१,३१४,९०६** |

प्रमुख लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु १८
सहकारी लङ्गफर्म प्रतिवेदन २३

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार ।

अनुसूचि १ देखि १८ सम्म यस वित्तीय विवरणका अभिन्न अंग हुन् ।

व्यवस्थापक    लेखासमिति    अध्यक्ष

Regd. Auditor
T.P. Poudel & Associate
Banke

# साकार कृषि सहकारी संस्था लिमिटेड

राप्तिसोनारी गाउँपालिका-६, टेपरी बाँके

आ.व. २०७९ श्रावण १ गतेदेखि ०८० आषाढ मसान्तसम्मको

## नाफा/नोक्सान हिसाब

| विवरण | अनुसुची | चालु आ.ब. रु. | गत आ.ब.रु. |
|---|---|---|---|
| १. माल बिक्रीबाट प्राप्त | १२ | १३,५११,९४०।०० | १४,३७२,१४९।०० |
| २. लागत | १३ | १०,२७८,६९५।०० | १०,५९८,०७४।०० |
| **कुल** | | ३,२३३,२४५.०० | ३,७७४,०७५.०० |
| १. व्याज आम्दानी | १४ | ३७,२९७,६४८ | ३३,३७६,८८१ |
| २. व्याज खर्च | १५ | २५,६४९,६७० | २१,८८४,३८८ |
| खुद ब्याज आम्दानी | | ११,६४७,९७८ | ११,४९२,४९३ |
| ३. अन्य सञ्चालन आम्दानी | १६ | ८,०००,५६२ | ८,०९०,५५७ |
| कुल सञ्चालन आम्दानी | | २२,८८१,७८५ | २३,३५७,१२५ |
| ४. कर्मचारी खर्च | १७ | ७,६६३,४१९ | ६,९५६,०९२ |
| ५. सञ्चालन खर्च | १८ | ६,८९९,०११ | ७,३७२,२०२ |
| ६. ह्रास कट्टी | ९ | ९७३,४०३ | १,०४८,०२३ |
| सम्भावित कर्जा नोक्सानी ब्यावस्था अघिको सञ्चालन मुनाफा/(नोक्सानी) | | ७,३४५,९५२ | ७,९८०,८०८ |
| ८. कर्जा नोक्सानी ब्यवस्था खर्च | ८ | ३,२४९,५३७ | ३,२९३,३८३ |
| सञ्चालन मुनाफा/(नोक्सानी) | | ४,०९६,४१४ | ४,६८७,४२५ |
| ९. अन्य आम्दानी/(नोक्सान)<br>१०. सम्भावित नोक्सानी ब्यबस्था बाट फिर्ता | १७ | | |
| नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सानी) | | ४,०९६,४१४ | ४,६८७,४२५ |
| ११. कर्मचारी बोनूस ब्यवस्था | | ३६८,६७७ | ४२६,१३० |
| सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा/(नोक्सानी) | | ३,७२७,७३७ | ४,२६१,२९५ |
| कर्मचारी बोनस ब्यवस्था | | ० | ० |
| आयकर ब्यवस्था | | ० | ० |
| *यस बर्षको | | ० | ० |
| *गत बर्षसम्मको | | | |
| *स्थगन कर खर्च/(आम्दानी) | | ० | ० |
| खुद नाफा/(नोक्सान) | | ३,७२७,७३७ | ४,२६१,२९५ |

ब्यवस्थापक

लेखासमिति

अध्यक्ष

लेखापरीक्षक

T.P. Poudel & Associate
Regd. Auditor
Banke

# साकार कृषि सहकारी संस्था लिमिटेड

**राप्तिसोनारी गाउँपालिका-६, टेपरी बाँके**

**आ.व. २०७९ श्रावण १ गतेदेखि ०८० आषाढ मसान्तसम्मको**

## नगद प्रवाह विवरण

| | विवरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| क | कारोबार संञ्चालन बाट नगत प्रबाह | | |
| १ | खूद बचत (आयकर ब्यवस्था अधिको) | ३,७२७,७३७ | ४,२६१,२९५ |
| | जोड्ने ह्रास खर्च | १,१६४,००६ | १,२५३,७८८ |
| | जोखीम व्यहोर्ने कोष व्यवस्था | ३,२४९,५३७ | ३,२९३,३८३ |
| | आयकर ब्यवस्था | ० | ० |
| | कार्यशील पुंजीमा परिवर्तन अघिको नगद प्रवाह | ८,१४१,२८१ | ८,८०८,४६६ |
| २ | चालू सम्पतीमा कमी (वृद्धि) | | |
| | कर्जा कमी (वृद्धि) | (५,६८७,५३५ | (७९,३९३,२५० |
| | अन्य सम्पती कमी (वृद्धि) | (१,७१९,४७० | १,०६०,८०५ |
| | जम्मा | (७,४०७,००५ | (७८,३३२,४४५ |
| ३ | चालू दायीत्वमा वृद्धि (कमी) | | |
| | वचत निक्षेप वृद्धि (कमी) | (८,३१७,१२२ | ४२,९२१,१७१ |
| | कोष वृद्धि (कमी) | (१,७२६,९१३ | (२४२,४८२ |
| | अन्य दायित्व वृद्धि (कमी) | १,१७९,७७६ | (२८८,५५६ |
| | कर्जा कमी (वृद्धि) | ५,२७८,९१९ | २८,७४४,०२२ |
| | प्रस्तावित तथा भुक्तानी दिनु बांकी लाभांश | | |
| | कर्मचारी वोनस भुक्तानी | | |
| | जम्मा | (३,५८५,३४० | ७१,१३४,१५५ |
| | कार्यशिल पुंजीमा परिवर्तन(१+२+३) | (२,८५१,०६५ | १,६१०,१७६ |
| ख | लगानी गतीविधिवाट नगद प्रवाह | | |
| | लगानी (वृद्धि)कमी | (४,००० | (३२५,००० |
| | स्थीर सम्पती (वृद्धि)कमी | (१,८२६,७७० | (६,३१२,४२५ |
| | सम्पत्ति बिक्रि | | |
| | लगानी गतीविधिवाट खूद नगद प्रवाह | (१,८३०,७७० | (६,६३७,४२५ |
| ग | वित्तिय गतिविधिवाट नगद प्रवाह | | |
| | शेयर पुंजीमा वृद्धि | ४,६८६,५०० | ११,३६७,५०० |
| | पूजिगत अनूदान (वृद्धि)कमी | (१९०,६०२ | |
| | बोनस शेयर | ० | |
| | वित्तिय गतिविधिवाट खूद नगद प्रवाह | ४,४९५,८९८ | ११,३६७,५०० |
| | जम्मा नगद प्रवाह (क+ख+ग) | (१८५,९३७ | ६,३४०,२५१ |
| | वर्षारम्भको नगद बैक मौजदात | ५१,९५७,७८१ | ४५,६१७,५३० |
| | वर्षान्तको नगद मौजदात | ५१,७७१,८४४ | ५१,९५७,७८१ |

व्यवस्थापक लेखासमिति अध्यक्ष

T.P. Poudel & Associate Regd. Auditor Banke

# सकार कृषि सहकारी संस्था लिमिटेड

राप्तिसोनारी गाउँपालिका-६, फत्तेपुर बाँके

आ.व. २०७९/०८०

## इक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण

| विवरण | शेयर पूंजी | साधारण जगेडाकोष | शेयर लाभांस कोष | संरक्षित पुंजी फिर्ता कोष | कर्मचारी वोनस कोष | सदस्य शिक्षा कोष | अन्य जोखिम कोष | सामूदायिक विकास कोष | अन्य कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | ३१,२३८,००० | ११,६६६,८९१ | १,६६६,६९८ | ९२१,३४० | ११९,०५० | ४८५,४२५ | ३८५,१०७ | ५०५,९४८ | ३,५९२,६०१ | ५०,५८१,०६० |
| गत बर्षको समायोजन | | | | | | | | | | ० |
| पुनर्स्थापित शुरु मौज्दात | ३१,२३८,००० | ११,६६६,८९१ | १,६६६,६९८ | ९२१,३४० | ११९,०५० | ४८५,४२५ | ३८५,१०७ | ५०५,९४८ | ३,५९२,६०१ | ५०,५८१,०६० |
| यस बर्षको खुद मुनाफा | | | | | | | | | | ० |
| यस बषको समायोजन | | १,०७२,०३४ | (१,६६६,६९८ | (९२१,३२४ | (११९,०५० | (१९४,८७५ | (५,००० | | (६९,५०० | (१,९०४,४१३ |
| यस बर्षको बांडफांड | | ९३१,९३४ | १,४५८,००९ | ६९८,९५१ | १०४,१४४ | १०४,१४४ | १०४,१४४ | १०४,१४४ | ३९९,७६७ | ३,९०५,२३७ |
| यस बर्षको शेयर पूंजी जारी | ४,६८६,५०० | | | | | | | | | ४,६८६,५०० |
| अन्तिम मौज्दात | ३५,९२४,५०० | १३,६७०,८५९ | १,४५८,००९ | ६९८,९६७ | १०४,१४४ | ३९४,६९४ | ४८४,२५१ | ६१०,०९२ | ३,९२२,८६८ | ५७,२६८,३८४ |

आजको मितिमा संलग्न प्रतिवेदन अनूसार

व्यवस्थापक

लेखासमिति

अध्यक्ष

Regd. Auditor
T.P. Poudel & Associate
Banke

# साकार कृषि सहकारी संस्था लिमिटेड

राप्तिसोनारी गाउँपालिका-६, टेपरी बाँके

आ.व. २०७९/०८०

## नाफा/नोक्सान बाँडफाँड हिसाब

| विवरण | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| गत वर्षसम्मको संचित मुनाफा | | - | - |
| यस वर्षको मुनाफा | | ३,७२७,७३७ | ४,२६१,२९५ |
| **जम्मा नाफा/नोक्सान हिसाव** | | ३,७२७,७३७ | ४,२६१,२९५ |
| **कोषमा वांडफांडः** | | | |
| साधारण जगेडा कोष | २५ प्रतिशत | ९३१,९३४ | १,०६५,३२४ |
| **बाँकी रकम** | | २,७९५,८०३ | ३,१९५,९७१ |
| संरक्षित पूजिं फिर्ता कोष | २५ प्रतिशत | ६९८,९५१ | ७९८,९९३ |
| सहकारी प्रर्बद्धन कोष | ०.५ प्रतिशत | १३,९७९ | १५,९८० |
| **बाँकी रकम** | | २,०८२,८७३ | २,३८०,९९८ |
| शेयर लाभांश कोष | ७० प्रतिशत | १,४५८,००९ | १,६६६,६९८ |
| कर्मचारी वोनस कोष | ५ प्रतिशत | १०४,१४४ | ११९,०५० |
| घाटापूर्ती कोष | ५ प्रतिशत | १०४,१४४ | ११९,०५० |
| सहकारी शिक्षा कोष | ५ प्रतिशत | १०४,१४४ | ११९,०५० |
| सहुलियत कर्जा लगानी कोष | ५ प्रतिशत | १०४,१४४ | ११९,०५० |
| अन्य जोखिम व्यवस्था कोष | ५ प्रतिशत | १०४,१४४ | ११९,०५० |
| सामुदायिक विकास कोष | ५ प्रतिशत | १०४,१४४ | ११९,०५० |
| **जम्मा बाँकी रकम बाँडफाँड** | | २,०८२,८७३ | २,३८०,९९८ |
| **जम्मा बाँडफाँड** | | ३,७२७,७३७ | ४,२६१,२९५ |
| **बांकी संचित मुनाफा/(नोक्सान)** | | ० | - |

व्यवस्थापक लेखासमिति अध्यक्ष लेखापरीक्षक

Regd. Auditor T.P. Poudel & Associate Banke

# साकार कृषि सहकारी संस्था लिमिटेड

राप्तिसोनारी गाउँपालिका-६, फत्तेपुर बाँके

आ.व. २०७९/०८०

## सेयर पुंजी

अनुसूची १

| क.स. | विवरण | २०८० आषाढ ३२ गतेको | २०७९ आषाढ ३२ गतेको |
|---|---|---|---|
| १. | शेयर पुंजी | रु. | रु. |
| | ३,५९,२४५ साधारण शेयर प्रति शेयर रु.१०० को दरले चुक्ता शेयर पुंजी | ३५९२४५०० | ३१२३८००० |

## कोष हिसाव विवरण

अनुसूची ३

| क्र. सं | विवरण | २०७९ आषाढ ३१ गतेको | यस वर्षको समायोजन रु. | यस वर्षको नाफा बाँडफाँड रु. | २०८० आषाढ ३२ गतेको |
|---|---|---|---|---|---|
| १. | साधारण जगेडा कोष | ११,६६६,८९१ | १,०७२,०३४ | ९३१,९३४ | १३,६७०,८५९ |
| २. | शेयर लाभांश कोष | १,६६६,६९८ | -१,६६६,६९८ | १,४५८,००९ | १,४५८,००९ |
| ३. | संरक्षित पूजिं फिर्ता कोष | ९२१,३४० | -९२१,३२४ | ६९८,९५१ | ६९८,९६७ |
| ४. | कर्मचारी वोनस कोष | ११९,०५० | -११९,०५० | १०४,१४४ | १०४,१४४ |
| ५. | घाटापूर्ती कोष | ९१३,४६७ | ० | १०४,१४४ | १,०१७,६११ |
| ६. | सहकारी शिक्षा कोष | ४८५,४२५ | -१९४,८७५ | १०४,१४४ | ३९४,६९४ |
| ७. | सहकारी प्रर्बद्धन कोष | ४३,८५७ | ० | १३,९७९ | ५७,८३६ |
| ८. | सदस्य जोखिम कोष | १,१५८,००० | ० | ८६,००० | १,२४४,००० |
| ९. | कर्जा बीमा कोष | १,०४९,२१० | ० | ० | १,०४९,२१० |
| १०. | सदस्य जोखिम व्याज कोष | २४,४६० | -६९,५०० | ९१५०० | ४६,४६० |
| ११. | सहुलियत कर्जा लगानी कोष | ४०३,६०७ | ० | १०४,१४४ | ५०७,७५१ |
| १२. | अन्य जोखिम व्यवस्था कोष | ३८५,१०७ | -५,००० | १०४,१४४ | ४८४,२५१ |
| १३. | सामुदायिक विकास कोष | ५०५,९४८ | ० | १०४,१४४ | ६१०,०९२ |
| १४. | अनुदान हिसाव कोष | | -९०६,१८१ | ९०६१८१ | ० |
| | | | | | ० |
| | **जम्मा** | १९,३४३,०६० | -२,८१०,५९४ | ४,८११,४१८ | २१,३४३,८८४ |

व्यवस्थापक    लेखा समिति    अध्यक्ष

Regd. Auditor
T.P. Poudel & Associate
Banke

# साकार कृषि सहकारी संस्था लिमिटेड

राप्तिसोनारी गाउँपालिका-६, फत्तेपुर बाँके

आ.व. २०७९/०८०

## तिर्नु बाँकी कर्जा

अनुसूची २

| विवरण | यस बर्षको | गत बर्षको |
|---|---|---|
| आरएमडिसि लघुबित्त बित्तिय संस्था लि. | ४३,५४८,३८७ | ५१,२४९,९९६ |
| फर्स्टमाइक्रो फाइनान्स लि. | १९,८७१,७९६ | ३५,७६९,२३२ |
| युवा स्वरोजगार कोष | २,२५०,००० | ३,०००,००० |
| राष्ट्रिय सहकारी बैक लि. | १८,४३४,४८५ | २४,७५८,९९५ |
| आरएसडिसि लघुबित्त बित्तिय संस्था लि. | १६,६६६,६६७ | |
| मूक्तिनाथ बिकास बैङक लि. | १९,२८५,८०७ | |
| | | |
| जम्मा | १२०,०५७,१४२ | ११४,७७८,२२३ |

## वचत तथा निक्षेप हिसाब

अनुसूची ४

| विवरण | यस बर्षको | गत बर्षको |
|---|---|---|
| साकार सूनौलो बचत | ५८,६९४,८६५ | ७०,१०५,०४३ |
| साकार जिबन साहारा बचत | १८,१८६,५६२ | १,४४८,८०३ |
| साकार जिबन सुरक्षा बचत | ४,९४६,०८४ | ५,१६८,९१४ |
| कर्मचारी बचत | ३,०१६,६६२ | २,१०७,११७ |
| आबधिक बचत | १८,९०२,२३९ | १६,६५१,९४९ |
| साकार समूह बचत | ६,५६८,४४७ | ५,७१९,५८९ |
| साकार बाल बचत | ३९०,१०२ | ३६०,०५८ |
| साकार नारी बचत | ३०१,४३३ | ५६७,४५२ |
| कमिक बचत | २०१,९४२ | ३३,०६२ |
| कर्जा धरौटी बचत | १११,५६५ | १४५,६८२ |
| साकार चल्ती बचत | ३,८६३,२६० | २१,५०२,०८६ |
| संस्थागत बचत | १,२०४,३३६ | ८९४,८६४ |
| जम्मा | ११६,३८७,४९७ | १२४,७०४,६१९ |

व्यवस्थापक लेखासमिति अध्यक्ष

Regd. Auditor T.P. Poudel & Associate Banke

# साकार कृषि सहकारी संस्था लिमिटेड
राप्तिसोनारी गाउँपालिका-६, फत्तेपुर बाँके
आ.व. २०७९/०८०

## अन्य दायित्व
अनुसूची ५

| विवरण | यस बर्षको | गत बर्षको |
|---|---|---|
| कर्मचारी वोनस व्यवस्था | ३६८,६७७ | ४२६,१३० |
| श्रोतमा कर कट्टी | ६४३,४२४ | २४२,४८१ |
| लेखापरीक्षण खर्च | ७८,८०० | ८९,०४४ |
| कर्मचारी उपदान दायित्व | १,३०५,५०० | ७९९,५०० |
| कर्जा जोखिम व्यवस्था | ९,६३३,५११ | ६,३८३,९७४ |
| हरि वहादुर वली | ० | ५०,३३२ |
| चन्द्र प्रकास शर्मा | १५,००० | |
| सागर आर्चाय | ४६,५५० | |
| कालिका सानाकिसान कृषि सहकारी संस्था लि. | ३०८,२०७ | |
| तिर्नपर्ने अन्य दायित्व | २१,१०५ | |
| जम्मा | १२,४२०,७७४ | ७,९९१,४६१ |

## पूँजिगत अनुदान कोष हिसाब विवरण
अनुसूची ५.१

| क्र.स. | विवरण | २०७९ अषाढ ३१ | यस वर्षको ह्रास कट्टीसमायोजन रु. | यस वर्षको बाँकी रु. | टिप्पणी |
|---|---|---|---|---|---|
